सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १९९ ♦ २०८१ साल वैशाख ३ गते सोमबार ♦ 15 April 2024 ♦ पृष्ठ ४ ♦ मूल्य रु. ५ www.shirishnews.com

## बर्दिवासमा १२ करोड गुमेपछि ६६ लाख राजस्वको चर्चा



**बिशाल बस्नेत**

**वैशाख २ गते, बर्दिवास**

महोत्तरीको बर्दिवासमा १२ करोड राजस्व सम्बन्धि मुद्दाको चर्चा सेलाउन नपाउँदै ६६ लाखको चर्चा सुरु भएको छ।

आर्थिक बर्ष २०७७/७८ मा सम्झौता भन्दा बढी नदीजन्यपदार्थ उत्त्खनन गरेवापत तीन ठेक्केदार कम्पनीले तिर्नुपर्ने उक्त रकमलाई जनकपुर उच्च अदालतले २२ गते ठेक्केदारको पक्षमा नै फैसला गरेपछि अर्को मुद्दाको चर्चा सुरु भएको हो।

अचम्म त काँहानिर छ भने १२ करोड मुद्दाको सफाई पाएका मध्ये पंचधुरामाई सप्लायर्स नै यो मुद्दामा पुनः जोडिएको देखिएको छ। नाँपजाँच उपसमितिले सम्झौताभन्दा बढी नदीजन्यपदार्थ निकालेको निष्कर्षलाई अदालतले गलत सावित गरेसँगै राजस्वसँग जोडिएको अर्को ६६ लाखको मुद्दा सतहमा आएको हो।

आर्थिक बर्ष २०७७/७८ मा बर्दिवास नगरपालिकाले पालिका वाहिर १४४० घनमिटर नदीजन्यपदार्थ निकासी कर संकलन गर्न ठेक्का आवहान गरेको थियो। नगरले आह्वान गरेको बोलपत्र बम्मोजिम पञ्चधुरामाई सप्ल्यार्सले १२३ दिनको लागी दैनिक १५२९९९. ९९ पैसा कवोल गर्दै सम्झौता गर्यो जुन १ करोड ८८ लाख १८ हजार ९९८ रुपैयाँ ७७ पैसा हुन् नगरलाई तिर्नुपर्ने हुन्छ।

२०७७ साल चैत ३ गतेदेखि २०७८ असार ३१ सम्मको अवधिमा उक्त रकम नगरलाई दिने सर्तमा दुई पक्षबीच सम्झौता भएको थियो। तर कोभिड-१९ को माहामारीको कारण निकासी नभएको भन्दै कार्यापालिका बैठकवाट ठेक्केदारले १२३ दिनको सट्टा ८४ दिनको मात्र निकासी आय कर तिरे पुग्ने निर्णय गरेको थियो।

तर त्यही ८४ दिनको दिन बाँकी ६६ लाख ५१ हजार ९ सय ९९ रुपैया ठेक्केदारले नगरलाई सम्झौता बमोजिम दाखिला गर्नुपर्ने रकम कोभिडको कारण देखाउँदै दिन अस्विकार गरेपछि नगरले ताकेता गर्न थाल्यो।

६६ लाख दाखिल गर्न अस्विकार गरेका ठेक्केदारले उल्टै नगरका विरुद्ध जनकपुर उच्च अदालतमा मुद्दा दायर गरे जुन अझैं विचाराधीन अवस्थामा छ।

नगरका कानुनी सल्लाहकार टिकाध्वज खड्काका अनुसार उक्त पैसा अघिल्लो स्थानीय सरकारको कार्यापालिका निर्णयमा मिनाहा गर्ने निर्णय गरेको थियो।

उक्त रकम अघिल्लो स्थानीय सरकारले मिनाहा गर्ने निर्णय नगरेको तत्कालिन सरकारका प्रतिनिधि निरोज अधिकारी प्रष्ट बनाए । 'मलाई लाग्छ यस्मा पनि जालझेल हुदै छ भन्ने बुझ्न सकिन्छ,' उन्ले भने, '१२ करोड त गुम्यो यो पनि गुम्ने निश्यत नै देखिन्छ।'

२२ गते भएको फसैलालाई पनि स्थानियहरुले अनपेक्षित भएको प्रतिक्रिया दिएका छन्। नगरले मुद्दा जित्ने प्रसस्त आधार हुदाहुदै पनि मुद्दा फितलो वनाउन आफ्नो अधिवक्ता नराखेको, भएको अधिवक्तालाई बहसमा नपठाएको जस्ता आरोप लागेका छन्।

## धनुषामा एक महिलाको हत्या,गहुँ खेतमा शव भेटियो



**धनुषा** /धनुषाको सहिदनगर नगरपालिका-४, ननपट्टीस्थित गहुँ खेतमा महिलाको शव फेला परेको छ । प्रहरीका अनुसार आइतबार बिहान धनुषाको हंसपुर नगरपालिका-७, की ५५ वर्षीया शुभदेवी मण्डलको शव भेटिएको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता रन्जन अवाले मृतक महिलाको शरीरको विभिन्न भागमा घाउचोट देखिएकाले कसैले हत्या गरेर खेतमा फालेको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको बताउनुभयो । घटनास्थलमा डग टोलीले अनुसन्धान गरिएको उहाँले जानकारी दिनुभयो ।

ननपट्टी माइत आउनुभएकी मृतक महिला शनिबार साँझदेखि हराइर हनुभएको थियो । खोजतालसको क्रममा हत्या गरेको अवस्थामा उहाँको शव फेला परेको हो ।

बर्दिवास मै पहिलो पटक

अब शुभस्वस्तिकको आफ्नै भवनमा अत्याधुनिक मेसिनबाट सर्जरी सेवा तथा अन्य सेवासुविधा सहित नव वर्ष २०८१ वैशाख १ गते बाट १५ दिन सम्म विशेष छुटको अवसर मा रहेको सम्पूर्ण महानुभावहरुलाई सूचना गराउन चाहन्छौ।

हाम्रा सेवाहरुः

लाप्रोस्कोपी सर्जरी, इनडोस्कोपी सर्जरी, युरोलोजी सर्जरी, डायोड लेजर २४सै घण्टा इमर्जेन्सी सेवा




## वडा कार्यालय भवनको शिलान्यास



**खबर दर्पण समाचारदाता**

**वैशाख २ गते, ढल्केवर**

धनुषाको मिथिला नगरपालिका-१, लक्ष्मीनिवासको वडा कार्यालय भवनको शिलान्यास गरिएको छ । आइतबार वडाध्यक्ष जोगी महतो र पूर्व वडाध्यक्ष लक्ष्मी महतोले संयुक्त रूपमा कार्यालय भवनको शिलान्यास गर्नुभएको हो ।

वडा कार्यालय निर्माणका लागि पूर्व वडाध्यक्ष लक्ष्मीले करिब २५ लाख रुपियाँ मूल्य बराबरको एक कट्ठा जग्गा प्रदान गर्नुभएको छ ।

मिथिला नगरपालिकाका इन्जिनियर गणेश महतोले नगरपालिकाको विकास बजेटबाट भवन निर्माण गरिने बताउनुभयो । पाँच कोठे भवन निर्माणका लागि नगर पालिकाले ५० लाख रुपियाँ बजेट विनियोजन गरिएकोमा एसएनआर निर्माण कम्पनीले २६ लाख रुपियाँमा ठेक्का कबुल गरेको उहाँले जानकारी दिनुभयो ।

वडाध्यक्ष जोगीले भाडाको भवनबाट सञ्चालन हुँदै आएको वडा कार्यालयबाट सेवा प्रवाह गर्न कठिनाइ भइरहेको बताउँदै वडा कार्यालयको आफ्नै भवन निर्माणपछि सेवा प्रवाह सुलभ र सहज हुने बताउनुभयो । चालू आर्थिक वर्षभित्र कार्यालय भवन निर्माण हुने उहाँले बताउनुभयो ।

# प्रकृतिमैत्री जुडशीतल पर्व सम्पन्न

**खबर दर्पण समाचारदाता**

**वैशाख २ गते, ढल्केवर**



तराइ क्षेत्रमा प्रकृतिमैत्री जुडशीतल पर्व सम्पन्न भएको छ । परिवार का ज्येष्ठ सदस्यबाट जीवनमा सकारात्मक ऊर्जा र शीतलताको आशीर्वाद लिएर जुडशितल पर्व सम्पन्न भएको हो ।

नयाँ वर्षको पहिलो दिन हिजो 'सतुवाइन' र आज दोस्रो दिन 'जुडशितल'मनाइएको छ । यो पर्वमा श्रेष्ठजनले शीतलजल परि वारका सदस्यको शिरमा सेचन गर्दै सकारात्मक ऊर्जा वृद्धि र शीतलताको आशिर्वाद दिने प्रचलन छ ।

नयाँ वर्षको शुभारम्भका रुपमा मनाउने गरिएको यस पर्वको मुख्य विशेषतामा आ-आफ्ना अग्रजबाट आशीर्वाद प्राप्त गर्नुका साथै चुलोको पूजा र वातावरणलाई दृष्टिगत गरी रुखको जरामा पानी हालेर सिँचाइ गर्ने चलन छ । यस दिन बिहानैदेखि अग्रजले आ-आफ्ना परिवारका सदस्यलाई अञ्जुलीमा जल लिएर टाउकोमा राखी वर्षभरि 'मगज ठण्डा रहोस' भनेर आशिष दिनुहुन्छ ।कसैसँग झगडा नगर्नु र शान्तिका साथ सोचेर कार्य गर्नु नै सो आशिषको मुख्य उद्देश्य रहेको अनुभवी जेष्ठ नागरिकहरू बताउनुहुन्छ । यस पर्वको अर्को मुख्य विशेषता चुलोको पूजा गर्नु पनि हो । परम्पराअनुसार चुलोको लिपपोत गरेर पूजा गरिन्छ । त्यसपछि घरका चुलोमा राति खाना पकाइँदैन । दिनमै पकाइएका भोजन नै रातिमा खाने परम्परा रहेको छ । वर्षमा एक दिन चुलोको पुजा पनि गरिन्छ ।

सो अवसरमा घरका देउताका साथै चुलो र चौंखटको पूजा गरी बासीभात, दही, चिनी प्रसादका रुपमा चढाउने गरिन्छ । प्रसादका रुपमा चढाइएका खानाको परिकार नयाँ माटाको भाँडोमा एक दिनअगावै पवित्रताका साथ पकाएर राखिएको हुन्छ । यसका साथै बिहानैदेखि आ-आफ्ना आँगनबारीमा रहेका विभिन्न रुखको जरामा पानी हाल्नु, बाटाघाटोमा पानी छर्कनु, इनार, सडक र नाला सफा गर्ने कार्य गरिन्छ ।

गर्मी महिनामा रुखमा पानीको अभाव हुन नदिन र वैशाख महिनामा हावा चल्ने गरेकाले सडकमा धुलो उड्न नदिनेका लागि पानी छर्कने गरिन्छ । यस कार्यको माध्यमबाट वातावरणलाई स्वच्छता प्रदान गर्नका लागि समाजमा सचेतना जगाउनुनै पर्वको मुख्य उद्देश्य रहेको देखिन्छ ।

यसका साथै एक अर्कामाथि हिलो छ्याप्दै पर्व मनाउने गरिन्छ । टोलका मानिस भेला भएर इनार, कुलो र नालाको सरसफाइ गर्ने बेलामा खुसीयाली मनाउँदै हिलोसँग खेल्ने गर्छन् । यस पर्वमा आँपको चिचिलाको चोखा, सोइजनको तर कारी, दही र चिनी अनिवार्य रुपमा खाने गरिन्छ ।


## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔ,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**

## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्नः

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**लोहारपट्टी नगरपालिका, महोत्तरी**

## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्नः

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**बलवा नगरपालिका, महोत्तरी**

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## हावाहुरी र आगलगीबाट बचौं

सुख्खा र तातो मौसम चढे लगत्तै हावाहुरीको सम्भावना अधिक भएकोले जथाभावी आगो नबालौं।

बालबालिकाहरुलाई सलाई, लाईटर वा घुँरको आगोबाट टाढा राखौं।

फागुनदेखि वैशाखसम्म सुख्खा मौसम पश्चिमी वायु चल्दा सुख्खापनले आगो लाग्ने सम्भावना अधिक हुन्छ, आगो बालेर नछाडौं।

घरको छाना, घर लगत्तै अधिक मात्रामा सुख्खा दाउरा नराखौं, दाउरा राखेपनि आगोबाट अधिक टाढा राखौं।

माथिल्लो छतहरुमा राखिएको फूलको गमलाहरु हावाहुरीमा सुरक्षित राखौं।

सवारी साधन चलाउने बेलामा हावाहुरी आउँदा रोकेर बसौं।

**औरही नगरपालिका, महोत्तरी**

## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**गौशला नगरपालिका, महोत्तरी**

# जीर्ण सडक कालोपत्रे भएपछि राहत



**खबर दर्पण समाचारदाता**
**वैशाख २ गते, रौतहट**

वर्षौंदेखि जीर्ण अवस्थामा रहेको सर्लाहीको बबरगन्जदेखि भेल्हीसम्मको सडक कालोपत्रे भएपछि स्थानीय बासिन्दा र यात्रुले राहत पाएका छन्। फूलजोर-त्रिभुवननगर सडक अन्तर्गत पर्ने बबरगन्ज-भेल्ही खण्ड लामो समयसम्म अलपत्र अवस्थामा र हँदा सडक छेउछाउ घर भएका स्थानीयवासी र यात्रुले हिउँदयाममा धुलो तथा वर्षायाममा हिलोको सास्ती खेप्दै आएका थिए । अहिले भने उक्त सडक कालोपत्रे भएसँगै धुलो र हिलोको समस्याबाट मुक्ति मिलेको स्थानीयले बताएका छन्। फूलजोरदेखि बयलबाससम्म र बयलबास बजारबाट केही दक्षिणदेखि बबरगन्जसम्मको सडक यसअघि नै कालोपत्रे भइसकेको थियो। ईश्वरपुर नगर पालिकास्थित बयलबास बजार क्षेत्रमा भने राजनीतिक टकराबका कारण सडक कालोपत्रे हुन सकेको छैन । पूर्वपश्चिम हुलाकी सडकदेखि दक्षिण त्रिभुवननगर स्थित नेपाल-भारत सीमासम्मको सडक कालोपत्रे हुन सकेको छैन । त्यहाँ तीन ठाउँमा विवाद रहेकाले सडक कालोपत्रे गर्न नसकिएको हुलाकी सडक आयोजना जनकपुरले जनाएको छ ।

हुलाकी सडक आयोजना जनकपुरका प्रमुख कृष्ण महतोले २३ किलोमिटर फूलजोर-त्रिभुवननगर सडकमध्ये २१ किलोमिटर सडक कालोपत्रेको काम अन्तिम चरणमा पुगेको बताउनुभयो । “भेल्हीदेखि दक्षिण एक ठाउँमा ‘स्टे अर्डर’ र गाउँभित्र दुई ठाउँमा विवाद भएकाले काम हुन सकेको छैन, बयलबास बजारमा पनि राजनीतिक विवादले समस्या पारेको छ,” सडक कार्यालयका प्रमुख महतोले भन्नुभयो, “विवादित यी ठाउँमा असारसम्ममा कालोपत्रेको काम पूरा गर्ने गरी लागिपरेका छौं ।”

बबरगन्ज-भेल्ही सडक कालोपत्रे भएसँगै सदरमुकाम मलङ्गवासम्म आउजाउ गर्न अत्यन्त सहज भएको चन्द्रनगर गाउँपालिका-४, पोखरीयाका इन्दल माझीले बताउनुभयो । माझीले भन्नुभयो, “वर्षौंको प्रतीक्षापछि बल्ल सडक कालोपत्रे भयो, हामीलाई त ठुलो राहत मिलेको छ ।”माझीले सडक कालोपत्रे भएपछि पहिले जस्तो सदरमुकाम मलङ्गवासम्म आउजाउ गर्दा सास्ती खेप्नु नपरेको भन्दै खुसी व्यक्त गर्नुभयो ।

ईश्वरपुर, चन्द्रनगर र ब्रह्मपुर सहित अन्य पालिकाका स्थानीय यसअघि यो सडक भएर यात्रा गर्दा धुलोले बिरामी नै पर्ने गरेका थिए ।

बबरगन्ज-भेल्ही सडकसँगै सर्लाहीमा वर्षौं अलपत्र परेको पूर्वपश्चिम हुलाकी सडक पनि भर्खरै कालोपत्रे भएको छ । हुलाकी सडकको अब सदरमुकाम मलङ्गवास्थित राजश्री चोकदेखि टावर चोकसम्मको सडक मात्रै कालोपत्रे हुन बाँकी छ ।

हुलाकी सडक आयोजनाले मलङ्गवामा ‘साइड क्लियर’ को विवाद समाधान गरेर असार सम्ममा कालोपत्रेको काम पूरा गरिने दाबी गरेको छ । मलङ्गवाको यो दुई किलोमिटर खण्डबाहेक पूर्वपश्चिम हुलाकी सडक पनि धुलोमुक्त बन्दा यात्रामा निकै सहजता आएको स्थानीय बासिन्दा तथा यात्रुले बताएका छन् ।


## सूचना

### किताव छपाईको लागि दरभाउ पत्र (कोटेशन)आव्हान गरिएको सम्बन्धमा ।

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/01/03**

सामुदायिक विकास तथा पैरवि मन्च नेपाल बर्दिबासले सेभ दि चिल्ड्रेन ईन्टरनेशनलको साझेदारिमा संन्चालित स्पोन्सर सिप तथा पहुँच परियोजना अन्तर्गत संचालन हुने तालिम, गोष्ठि र विभिन्न कार्यक्रमका लागि आवश्यक पर्ने तपशिल बमोजिम विवरण रहेको किताव छपाई गर्नु पर्ने भएकोले ईच्छुक उधोग/ फर्म/सप्लायर्सहरुबाट यस सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८१/०१/०९ गते दिउँसो ४ बजे भित्रमा आवश्यक कागजपत्र( व्यबसाय दर्ताको प्रमाण पत्र, पान तथा भ्याटको प्रमाण पत्र, आ.व.२०७९/०८० कर चुक्ताको प्रमाण पत्र) संलग्न गरि शिलबन्दि (लाहछाप) दरभाउ पत्र माग गरिएको छ ।तसर्थ ईच्छुक छपाई सम्बन्धि उधोग/ फर्म/सप्लायर्सहरुले यस संस्थाको निम्नानुसारको सर्म्पक माध्यमबाट दरभाउ पत्र प्राप्त गर्न सकिने व्यहोरा समेत जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.सं. | समानको नाम | स्पेशिफिकेशन | ईकाई | परिमाण |
|---|---|---|---|---|
| १ | किताव | A4 size 60 GSM paper plastic cover binding, Cover page color single side printing & Inner page b/w double side printing -209 pages per book | पिस | १००० |

**सम्पर्क ठेगाना :** सामुदायिक विकास तथा पैरवी मंच नेपालको परियोजना कार्यालय बर्दिबास,३ गौरिडाँडा
**सम्पर्क व्यक्ती :** खड्ग बहादुर बस्नेत (लजिष्टिक अफिसर)
**सर्म्पक ईमेल :** khadga@cdafn.org.np
**ईमेल मार्फत दरभाउ पत्र प्राप्त र पेश गर्न :** pc@cdafn.org.np
सर्म्पक नं. : ९७६६३२५६१३/९८४४०३००९३

**नोट :** (क) दरभाउ पत्र यस संस्थाको कार्यालय बाट निशुल्क प्राप्त गर्न सकिनेछ ।
(ख) दरभाउ पत्र पेश गर्ने अन्तिम दिन भन्दा १ दिन अगाडि सम्म दरभाउ पत्र उपलव्ध गराईनेछ ।
(ग)दरभाउ पत्र बुझाउने अन्तिम मितिमा सार्वजानिक विदा परेमा सो दिनको भोलिपल्टको मितिलाई अन्तिम मिति गणना गरिनेछ र ईमेल मार्फत दरभाउ पेश गर्दा पासवर्ड राखेर पेश गर्नु पर्नेछ , दरभाउ पत्र खोलिने दिनमा पासर्वड उपलव्ध गराउनु पर्नेछ ।
(घ) रित पुर्वक प्राप्त नभएका, आवश्यक कागजपत्र संलग्न नगरेका र म्याद नाघि प्राप्त भएका दरभाउ पत्र समावेश नगरिने व्यहोरा समेत यसै सुचना मार्फत सुचित गरिन्छ ।

**सामाग्रि खरिद तथा व्यबस्थापन समिति**



सामाजिक संचालको प्रयोग गर्दा
रावधानी अपनाऔं
सामाजिक मर्यादाको ख्याल गरौं



**सूचना ! सूचना !! सूचना !!!**

नहर सार्वजनिक सम्पती हो, नहरको रेखदेख गर्नु सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहर को जमीन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धाराण गर को नहरको क्षेत्रफलभित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकोले नहर क्षेत्रमा महंगो लगानी गर्नु हुँदैन । नहर फराकिलो भयो भने सबैलाई फाईदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु सबै स्थानियवासीका कर्तव्य हो ।

**कमला सिंचाई आयोजना**
**डिभिजन नं. ३ पोर्ताहा, धनुषा**



## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# सर्वोच्च अदालतवाट भएको फैशलाले हामीलाई उत्साहित वनाएको छ : प्यावसन अध्यक्ष सापकोटा



सर्वोच्च अदालतले सामुदायिक विद्यालयमा मात्र अध्यन गर्ने विद्यार्थीहरुले ४५ प्रतिशत आरक्षण पाउने प्रावधानलाई खारेज गरेको छ। योसंगै निजि विद्यालयमा अध्यन गर्ने छात्र(छात्राहरुले समेत उक्त छात्रवृति पाउने वाटो खुल्ला भएको हो । अदालतले निर्देशनात्मक आदेश जारी गरेसँगै छात्रवृतिमा भएको विभेद समेत अन्त्य भएको छ। यसै विषयमा आधारित भएर निजि तथा आवासीय विद्यालय(प्यावसन) महोत्तरीका अध्यक्ष **राधेश्याम सापकोटा**सँग **बिशाल बस्नेत**ले गरेको छोटो कुराकानी ।

**छात्रावृतिमा विभेद भयो भन्दै तपाईहरुले विरोध गर्दै हुनुहुन्थ्यो सर्वोच्चको निर्णयलाई कसरि लिनुभएको छ ?**

हो तपाईले भनेजस्तै हामी लामो समयदेखि यो संघर्षमा थियौ, सर्वोच्चले जुन निर्देशनात्मक आदेश जारी गर को छ त्यो निक्कै प्रसंसायोग्य छ. हामीले यसलाई सकारात्मकरुपमा लिएका छौ ।

**भनेपछि अव निजिमा अध्यन गरेका छात्र(छात्राहरुले पनि छात्रवृति पाउने भए हैन ?**

हो त, सर्वोच्चको पूर्णपाठ त आउँन अझै वाकी छ तर पारम्भिक फैसलामा छात्रावृति पाउने विभेदको अन्त्य भएको छ.।

**सामुदायिक विद्यालयमा स्वाभाविकरुपमा निम्न आय भएका छात्र(छात्राहरु पढने र निजीमा पैसा भएकाहरुले मात्र पढाउँन सक्ने भनेपछि शिक्षामा गरिव र धनिविच पनि त विभेद छ नी हैन ?**

हामीले सामुदायिक विध्यालयहरु राम्रो हुनुहुदैन भनेर भनेका छैनौ, यो देशको परिवर्तनको मुख्य आधार भनेको नै सिक्षा हो यसलाई केही हदसम्म हामीले पुरा गरेका छौ। व्यावसायिक तवरले खोलेका विध्यालयहरु हुन् स्वाभाविकरुपमा शुल्कको हिसावले सामुदायिक विद्यालयको तुलनामा महँगो महँगो त भईहाल्छ नी ।

# फर्निचर तथा फर्निसिङ्ग व्यवसायी संघ महोत्तरीको विपन्नलाई आर्थिक सहयोग



**खबर दर्पण समाचारदाता**

**वैशाख २ गते, बर्दिवास**

फर्निचर तथा फर्निसिङ्ग व्यवसायी संघ महोत्तरीले आर्थिकरुपमा विपन्न एक जनालाई आर्थिक सहयोग गरेको छ।

संघले नया वर्ष २०८१ को अवसर पारेर सारीरिकरुपमा असक्त समेत रहेका बर्दिवास-३ का कृष्ण बहादुर सार्कीलाई १९ हजार ४४ रुपैया आर्थिक सहयोग गरेको हो।

सहज जीवनयापन तथा स्वास्थ्य उपचारमा टेवा पुगोस भन्ने उद्देश्यले आर्थिक सहयोग गरेको संघका अध्यक्ष गोविन्द बहादुर खड्काले जानकारी दिए।

कार्यक्रममा शुभकामना मन्तव्य राख्दै गौरीशङ्कर मिथिला वाङ्मय प्रतिष्ठानका अध्यक्ष छन्द कवि प्रेम घिमिले निजी स्तरवाट व्यवसायीलाई बिपतपर्दा अभिभावकीय जिम्मेवारी निर्वाह गर `कोमा खुशी व्यक्त गर्दै स्वास्थ लाभको कामना गरेका छन्।

त्यस्तै वडा नं ३ का वडाध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि विराट कुमार बिष्टले बिगतमा पनि कृष्ण बहादुर सार्कीको स्वाथ्य उपचारमा वडाले आवश्यक सहयोग गरेको स्मरण गर्दै यस्तो सहयोगले सार्कीलाई थप जीवनयापनमा सहज वनेको प्रतिक्रिया दिए।

कार्यक्रममा प्रगतिशील लेखक सङ्घ मधेस प्रदेशका अध्यक्ष नारायण घिमिरे, बर्दिवास उद्योग वाणिज्य सङ्घका महासचिव उत्तम श्रेष्ठ, होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरीका तृतीय उपाध्यक्ष मिन बहादुर थापा र कलाकार अनिल गन्धर्वको उपस्थिति रहेको थियो।

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं।

**बटेश्वर गाउँपालिका**

**बटेश्वर, धनुषा**

प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२० प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५

**रूफटप होटल एण्ड गेष्ट हाउस**

**मिटिङ्ग हल, पार्टी पैलेश**

गौशाला नगरपालिका- २, निगौल (नर्सिङ्ग पेट्रोल पम्पको अगाडी)



यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशाको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।

## विषादीको प्रयोगमा सचेत बनौं

- विषादीको प्रयोगबाट व्यक्तिमा देखिने लक्षणहरु :
- थकान महशुस हुनु, टाउको दुख्नु, रिङ्गटा लाग्नु, छाती दुख्नु ।
- छाला लाटो हुनु, चिलाउनु र फोका आउनु ।
- आँखा रातो हुनु, पोल्नु, आँसु बगिरहनु, धमिलो देखिनु र आँखी भौ फरफराउनु ।
- नाक पोल्ने, पातलो सिंगान बगिरहनु, खोकी लाग्नु, वाक(वाकी लाग्नु, वान्ता हुनु र निद्रा नपर्नु ।
- हिँड्दा लडखडाउनु, कम्पन हुनु, होस हराउनु, स्वाँ(स्वाँ बद्नु, र मुर्छा पर्नु ।

त्यसबाट प्यारालाइसिस, हृदयघात तथा मृत्यु समेत हुन सक्ने भएकाले विषादीको प्रयोगमा सावधानी अपनाऔं ।

**मिथिला नगरपालिका**

**धनुषा**

## आगलागी तथा डढेलोबाट बचौं र बचाऔं

□ सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं ।

□ जंगलमा सलाई तथा लाइटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं ।

□ सानो असावधानीले जंगल मात्र होइन आसपासका वस्तीसमेत उडाउ हुन सक्छन् ।

□ जनधन र वनको संरक्षण गरौं ।

**सचेत बनौं, डढेलो तथा आगलागीबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**गणेशमान चारनाथ नगरपालिका**

**धनुषा**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com/ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा